नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाड़ौं, फागुन २४ गते २०१६ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

थंक ऐन २०१६ को दफा ६ बमोजिम लागेको जग्गा करको सम्बन्धमा जग्गाको विवरण दाखिल गर्ने निम्न लिखितानुसार सूचना प्रकाश गर्ने २०१६।९।२१ मा श्री ५ को सरकारबाट निर्णय भएको छ।

नेपाल अधिराज्य भित्र जहाँसुकै भएको आफ्नाहक भोगको सबै जग्गाको हिसाव गर्दा २५ पच्चीस विगाहा जमीन वा वार्षिक ने. रू. २५०।– दुइसय पचास तिरोमा जुन बढी हुछ सो भन्दा बढी तिरो तिर्ने वा बढी जग्गा हुने जग्गावालाले आफूलाई पायक पर्ने जुन सुकै एक मालअड्डामा आफ्नो भएभरको जमीनको लगत (क्षेत्रफल र तिरो खुलेको विवरण सहित) यो सूचना प्रकाशित भएको मितिले तीन महीना भित्र दाखिल गरिसक्नु पर्छ

स्पष्टीकरण:– जग्गाकरको प्रयोजनका लागी अरू किसिमबाट क्षेत्रफल निकालिएका जग्गा जमीनलाई विगहामा परिणत गरी हिसाव निकाल्दा सवा तेह्र रोपनी वा त्रिपन्न मुरी माटो वा तीनपाथी चार माना बीजन जाने वा दश हलको वा पन्ध्रह पाटे वा विस कोदाले जग्गालाई एक बीगाहा सम्झनु पर्छ ।

आज्ञाले–

रामप्रसाद जोशी

श्री ५ को सरकारका सचिव अर्थ मन्त्रालय

८०१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थमन्त्रालयको सूचना

आर्थिक न, २०१६ बमोजिम लागेको विभिन्न करहरूको सम्बन्धमा दिनुपर्ने विवरणपत्र वा दर्खास्तपत्र दाखिल गर्दा सो विवरण पत्र वा दर्खास्त पत्रको निमित्त कुनै दस्तूर नलाग्ने नलिने गरी २०१६।११।९ मा श्री ५ को सरकारले निर्णय गरेकोछ।

आज्ञाले—
शेषराज दली
निमित्त रामप्रसाद जोशी
श्री ५ को सरकारका सचिव
अर्थ मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।